# तामाकोशी गाउँपालेका
# गाउँ कार्यपालिकाको कार्यालय
जफे, दोलखा

बागमती प्रदेश, नेपाल


पत्र संख्याः २०८३।०८४

चलानी नं.:

मितिः २०८३।०४।१३

## रासायनिक मल विक्रेता नवीकरण सम्बन्धी सूचना।
(प्रथम पटक प्रकाशित मितिः २०८३/०४/१३)

प्रस्तुत विषयमा अनुदानको मल वितरण व्यवस्थापन कार्यविधि, २०८२ बमोजिम यस गाउँपालिकाभित्र दर्ता, सूचकृत भई रासायनिक मल कारोबार गर्ने विक्रेताहरूले प्रत्येक आर्थिक वर्षको लागि नविकरण गर्नुपर्ने भएको हुँदा आ.व. २०८३/०८४ मा अनुदानको रासायनिक मल नियमित कारोबार गरिरहेका इच्छुक विक्रेताहरूले यो सूचना प्रकाशन भएको मितिले ३० दिन (२०८३/०५/११) भित्र तपशिल अनुसारको कागजात संलग्न गरी निवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

**निवेदन साथ पेस गर्नुपर्ने कागजातहरूः**

१. तोकिएको ढाँचाको निवेदन
२. सम्बन्धित वडा कार्यलयको सिफारिस
३. सहकारी संस्था दर्ता नविकरण प्रमाणपत्रको प्रतिलिपि
४. अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिलिपि
५. रासायनिक मल विक्रेता प्रमाणपत्रको प्रतिलिपि
६. स्थायि लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि
७. करचुक्ता प्रमाणपत्रको प्रतिलिपि
८. गोदाम घर, नापतौल गर्ने मेसिन, सूचना प्रविधि भौतिक पूर्वधारको विवरण
९. गत आ.व. मा विक्री गरिको मलको यथार्थ विवरण
१०. सहकारीको कार्यक्षेत्र खुल्ने कागजात
११. गत आ.व.को मलको विवरण निम्नानुसार ढाँचामा बुझाउनुपर्ने छः

| खरिद मिति | विल नं. | कृषि सामाग्री कम्पनी लि. | | | | साल्ट ट्रेडिङ कर्पेरेसन लि. | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | युरिया | डि.ए.पी | पोटास | अन्य भए | युरिया | डि.ए.पी | पोटास | अन्य भए | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

.....................

अर्जुन दर्जी
प्रमुख प्रशासकीय अधिकृत